# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## राजश्व कर बुझाउने सम्बन्धी जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/११**

उपरोक्त विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र माण्डवी गाउँपालिकाको आर्थिक ऐन, २०८० बमोजिम यस गाउँपालिका क्षेत्र भित्र संचालन भईरहेका सम्पुर्ण व्यवसायहरु, उद्योगहरु, वित्तिय संघ-संस्थाहरु, कृषि तथा अन्य सहकारी संस्थाहरु, लघुवित्त वित्तिय संस्थाहरु, घरजग्गाधनिहरु, अन्य व्यवसायीहरू लगायत माण्डवीबासीले यस गाउँपालिकालाई बार्षिक रूपमा बुझाउनुपर्ने सम्पत्ति कर, भुमि तथा मालपोत कर, घर जग्गा बहाल कर, व्यवसाय दर्ता तथा नविकरण दस्तुर लगायत अन्य कर, दस्तुर तथा सेवा शुल्क बुझाउन छुट तथा बाँकी भएमा उल्लेखित कर तथा शुल्क सम्बन्धित वडा कार्यालय तथा यस कार्यालयमा उपस्थित भई अनिवार्य रुपमा बुझाउनु हुन सबै करदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। समयमै कर तिरी जरिवानाबाट बची गाउँपालिकाको विकास निर्माणमा सहभागी हुन गाउँपालिकाबासीमा अनुरोध छ।

### चालु आ.व. को कर बुझाउने समय

| करको प्रकार | समय |
|---|---|
| मालपोत (भुमि) तथा एकीकृत सम्पत्ति कर | प्रत्येक आर्थिक वर्षको असार मसान्त सम्म |
| घर जग्गा बहाल कर | प्रत्येक महिना वा प्रत्येक आर्थिक वर्षको असार मसान्त सम्म |
| व्यवसाय कर | प्रत्येक आर्थिक वर्षको असार मसान्त सम्म |
| व्यवसाय दर्ता प्रमाणपत्र नवीकरण | प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र |

### जरिवाना सम्बन्धमा

| करको प्रकार | समयमा नबुझाएमा लाग्ने जरिवाना | |
|---|---|---|
| मालपोत (भुमि) तथा एकीकृत सम्पत्ति कर | १ वर्ष सम्मको वक्यौताका लागि | १५% |
| | २ वर्ष सम्मको वक्यौताको लागि | ३०% |
| | ३ वर्ष सम्मको वक्यौताको लागि | ६०% |
| | ४ वर्ष सम्मको वक्यौताको लागि | ७५% |
| | ५ वर्ष सम्मको वक्यौताको लागि | १००% |
| व्यवसाय दर्ता प्रमाणपत्र नवीकरण | प्रत्येक महिना नवीकरण शुल्कमा | १०% |
| घर जग्गा बहाल कर | प्रत्येक महिना घर बहाल करमा | १०% |

२०८०/११/११

.................
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

समाजबादको आधार, निशुल्क शिक्षा, स्वास्थ्य र रोजगार: माण्डवी बासीको मौलिक अधिकार ।